नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०५।१३

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

तनहुँ जिल्लामा कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेको भनि यस अघि जारि भएको निषेधाज्ञाको आदेश सम्बन्धमा मिति २०७८।०५।१३ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले कोभिड-१९ को जोखिम अझै कमी नभएको अवस्थालाई ध्यानमा राखि उक्त निषेधाज्ञाको आदेशलाई निरन्तरता दिन सिफारिस गरेको समेतका आधारमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरि यस अघि जारि गरेको निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै मिति २०७८।०५।२१ गते राती १२:०० बजे सम्म तनहुँ जिल्ला भर लागु हुने गरि देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ। यो आदेश कडाईका साथ पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

१. निम्न व्यवसायिक कार्य र सेवालाई स्वास्थ र सुरक्षाको मापदण्ड पूरा गरेर निर्वाध रुपमा सञ्चालन हुने वातावरण बनाउने।

(क) अत्यावश्यक सेवाहरु जस्तै:एम्बुलेन्स, ग्यास, पेटोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामाग्रीहरु, स्वास्थ्य संस्था, अस्पताल, भेटेनरी अस्पताल, भेटेनरी औषधि पसल, दुरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, मल, विउ र कृषि सामाग्री, दुग्ध व्यवसाय,बैंकको ए.टि.एम. सेवा, कुरियर, डाँक सेवा र सार्वजनिक निर्माण सम्बन्धि कार्य र सेवाहरु तथा ढुवानी सेवा।

(ख) बन्द गरिएका सेवा तथा व्यवसाय बाहेक अन्य खोल्न अनुमति दिइएको सेवा तथा व्यवसाय विहान ७:०० बजे देखि दिउसो ६:०० बजे सम्म खोल्न दिने।

२. निम्न व्यवसायिक कार्य र सेवालाई पूर्ण रुपमा बन्द गर्ने।

(क) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, सैलुन सेवा, ब्यूटिपार्लर (कस्मेटिक बिक्रि बाहेक) जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, साईकल र मोटरसाईकलमा गरिने व्यापार,रंगशालामा हुने दर्शक सहितको खेलकूद, तालिम, सेमिनार, भर्जुअल बाहेक भौतिक उपस्थितीमा गरिने शिक्षण प्रशिक्षण र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु पूर्ण रुपमा बन्द गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०५।१३

(ख) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा( ध्यान र प्रार्थना) मात्र गर्ने गराउने व्यवस्था मिलाउने।

(ग) सामाजिक र साँस्कृतिक कार्यहरु विवाह, ब्रतबन्ध लगायतमा १५ जना भन्दा बढी सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने गराउने व्यवस्थालाई प्रभावकारी बनाउने।

३. तनहुँ जिल्ला भित्र संचालन हुने सार्वजनिक सवारी साधनहरु विहान ६:०० बजे देखि साँझ ६:०० बजे सम्म मात्र सिट क्षमता भित्र रहि अनिवार्य रुपमा सबै यात्रीले मास्क लगाउने,चालक, सहचालकले मास्क, फेससिल, पञ्जा लगाउने, गाडीको ढोकामा स्यानीटाइजर राख्ने र प्रयोग गर्ने लगायत स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाई सञ्चालन गर्ने गराउने।

४. यस जिल्लाबाट माध्यम र लामो दुरीमा संचालन हुने सार्वजनिक सवारी साधनको हकमा सम्बन्धित यातायात व्यवसायी कम्पनीको सिफारिसको आधारमा निश्चित संख्याका सवारी साधनहरुलाई सहजीकरण गरिने छ। त्यस्ता सवारी साधनहरुले सिट क्षमता भित्र रहि अनिवार्य रुपमा सबै यात्रीले मास्क लगाउने,चालक, सहचालकले मास्क, फेससिल, पञ्जा लगाउने, गाडीको ढोकामा स्यानीटाइजर राख्ने र प्रयोग गर्ने लगायत स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाई सञ्चालन गर्ने गराउने।

५. परीक्षाहरु तोकीएको स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गर्ने गराउने गरि सञ्चालन गर्ने गराउने।

६. अनावश्यक रुपमा घर बाहिर ननिस्कने, निस्कनै पर्ने भएमा घर बाहिर सार्वजनिक स्थलमा बस्दा वा हिडडुल गर्दा नाक र मुख राम्ररी बन्द गरि अनिर्वाय रुपमा मास्क लगाउने।

७. स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना नगरी आउने ग्राहकलाई व्यापार नगर्ने र व्यवसायीहरुले समेत स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरि मात्र व्यवसाय गर्ने। मास्क नलगाई आउने ग्राहकलाई सेवा वा बस्तु उपलव्ध गराएमा त्यस्ता व्यवसायीलाई कानूनी कारवाही गर्ने।

८. भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा राख्ने, राख्न लगाउने।

(सागर आचार्य)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधि